**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ जेठ ६ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट जेठ ६ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार जेठ ६ गते सम्म गण्डकी प्रदेशमा कुल १ हजार ३ सय ३१ जनाको स्वाब परीक्षण गरिएको छ भने १ हजार ८१ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । २ सय ४७ जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ । प्रदेशमा जेठ ६ गते सम्म कुल ६ हजार ९ सय ९८ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङ सहित १ सय ४६ जनाको कोराना भाइरस परीक्षणका लागि स्वाब सङकलन गरिएको छ । मुख्यमन्त्रीका प्रेस संयोजक विक्रम न्यौपानेका अनुसार मुख्यमन्त्री सहित ६ जना मन्त्रीहरू, मन्त्रालयका सचिव, कर्मचारी, पिएओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको स्वाब सङकलन गरिएको हो । पीसीआर प्रविधिबाट गरिएको स्वाब परीक्षणको नतिजा जेठ ७ गते आउनेछ ।
न्यौपानेका अनुसार जेठ ११ गते देखि सुरू हुने गण्डकी प्रदेशको बजेट अधिवेशन तयारी स्वरूप परीक्षण गरिएको हो ।
सभामुख, उपसभामुख, सांसदहरूको जेठ ७ गते पोखरा सभागृहमा स्वाब सङकलन गरिनेछ ।
गण्डकी प्रदेशको प्रदेश सभा हल सानो भएपछि सामाजिक दुरी कायम राख्नका लागि बजेट अधिवेशन पोखरा सभागृहमा हुँदैछ । गण्डकी प्रदेशमा ६० जना प्रदेशसभा सदस्य छन् ।
पोखरा महानगरपालिका-१३ वडा कार्यालयले लकडाउनका कारण बिहान बेलुकाको छाक टार्न समस्यामा सामाजिक दुरी कायम गरेर खाना खुवाइरहेको छ । वडा अध्यक्ष दर्शन लामाका अनुसार वडा कार्यालयले वैशाख २३ गतेदेखि विपन्न परिवारका सदस्यलाई बिहान बेलुका नै खान खुवाउँदै आइरहेको छ । वडा कार्यलयले दुई चरणमा राहत वितरण गरिसकेको छ । ४ सय देखि ५ सय जनालाई खाना खुवाउनका लागि जनप्रतिनिधि ,कर्मचारी सहित २० जना खटिएका छन् ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्त**का अनुसार बागलुङ जिल्लामा विभिन्न जिल्लाबाट भित्रिएका ३४ जनालाई जिल्लाका विभिन्न स्थानीय तहले निर्माण गरेको क्वारेण्टाइनमा राखिएको स्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख सुरज गुरौंले जानकारी दिनुभयो । यस्तै जैमिनी नगरपालिका अन्तरगत राङ्खानीमा बुटवलबाट आएर क्वारेण्टाइनमा बसेका दुई जनालाई आरडीटी परीक्षण पश्चात होम क्वारेण्टाइनमा पठाइएको छ । बागलुङ नगरपालिकाले निर्माण गरेको बागलुङ नगरपालिका-१ स्थित रामरेखा आधारभूत विद्यालयमा रहेका २२ जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । बुर्तिबाङ स्थित उत्तर गङ्गा माध्यमिक विद्यालयमा रहेको नेपाल आर्मीको सत्रुमर्दन गुल्मले कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु भएकाहरूको शव व्यवस्थापन सम्बन्धी विशेष अभ्यास गरेको छ । कोरोनाले मृत्यु भएकाहरूको शव व्यवस्थापनमा अपनाइने सावधानी तथा पीपीई सामग्रीको प्रयोग, गाडी, विसङ्क्रमण सम्बन्धी डेमो प्रस्तुत गरेको थियो । डेमोमा मृत्यु भएको शव व्यवस्थापन देखि परिवार, स्वास्थ्यकर्मी र समुदायलाई सुरक्षित बनाउने उपायको बारेमा नाटक मार्फत जानकारी गराइएको थियो । शवलाई अस्पतालको बेडबाट उठाएर सवारी साधनमा राख्ने देखि दाह

संस्कारसम्म कसरी जोखिमबाट जोगिने भन्ने बारे अभ्यास गरिएको थियो । शवको व्यवस्थापन गर्दा पीपीई लगाउने, शवमा ओढाउने लुगा, बोक्ने सामग्री र सवारी साधनलाई सेनेटाइज गर्ने, समुदायलाई टाढै राखेर शवको व्यवस्थापन गर्ने गरी अभ्यास गरिएको थियो । कार्यक्रममा नेपाल आर्मीको २३ नम्बर बाहिनी अड्डाका बागलुङका प्रमुख सहायक रथी पवन दास घिमिरे, ढोरपाटन नगरपालिकाकानगर प्रमुख देव कुमार नेपाली, निसीखोला गाउँपालिका अध्यक्ष तारानाथ पौडेल, तमानखोला गाउँपालिका अध्यक्ष जोकलाल बुढा मगर, ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनप्रसाद पोखरेल सहित नेपाल आर्मी, नेपाल प्रहरी, स्वास्थ्यकर्मी उपस्थिति रहेको थियो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार बैक, वित्तिय संस्था, विमा एवं सहकारीको संस्थाको सेवा प्रवाह गोरखामा हप्ताको प्रत्येक मंगलबार र शुक्रबार हुने भएको छ ।
कोरोना भाइरस रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि गठित जिल्ला स्तरीय कमाण्ड पोष्टले जेठ ६ गते गरेको निर्णय अनुसार बैंक, बित्तीय संस्था, बीमा एवंम सहकारीको संस्थाको सेवा प्रवाह हप्ताको दुई दिन बिहान १० बजे देखि दिउँसो ४ बजे सम्म सम्बन्धित स्थानीय तह र सुरक्षा निकाय सगँ समन्वय गरी टोकन प्रणाली, सुरक्षा एवंम स्वास्थ्य मापदण्ड एवमं सामाजिक दुरी कायम गरी गराइ गर्ने व्यवस्था मिलाउन भनिएको छ । सम्बन्धित बैंक एवंम बित्तीय संस्थाले आफ्नो ग्राहकसँग अग्रिम समन्वय गरी ग्राहकलाई सेवा प्रवाह गर्ने समय अग्रिम जानकारी गराउन भनिएको प्रशासनका अधिकृत हर्क रोकाले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार मध्यविन्दु नगरपालिकाले लकडाउनको कारण नेपाल भारत सिमा नाकामा अलपत्र परेका नगरपालिकाका स्थानीयलाई घर फिर्ता ल्याउने भएको छ । रोजगारीको सिलसिलामा भारतको विभिन्न स्थानमा काम गर्ने र घर फर्कन चाहने स्थानीयहरू सिमा नाकामा अलपत्र परेपछि नगरपालिकाले उनीहरूलाई घर ल्याउने तयारी गरेको हो । जेठ ६ गते बसेको नगर कार्यपालिकाको बैठकले घर फर्कने क्रममा अलपत्र परेका नगरवासीहरूले सम्बन्धित वडा अध्यक्ष सँग सम्पर्क समन्वय गरी, आफ्नो नामावली र विवरण उपलब्ध गराउन अनुरोध गरेको छ । घर फिर्ता ल्याइने स्थानीयलाई क्वारेण्टाइन र स्वास्थ्य परीक्षण अनिवार्य गरिएको छ ।
त्यस्तै नगरवासीहरू विभिन्न प्रयोजनमा रहेका छिमेकी देश तथा अन्य तेस्रो मुलुकबाट आउने र विदेशमा रहेका नगरवासीको तथ्याङक सङकलन गर्ने निर्णय कार्यपालिका बैठकले गरेको छ । त्यस्तै सङघीय सरकारको परिपत्र अनुसार मध्यबिन्दु नगर भित्रको भूमिहीन सुकुम्बासी र अन्य अव्यस्थित बसोबासको पहिचान गरी लगत सङकलन गर्ने, पछिल्लो कोरोना भाइरसको सङक्रमण दर र तेस्रो मुलुकबाट आउने नगरवासीहरूको बृद्धिसँगै सम्पूर्ण वडामा क्वारेण्टाइन कक्ष थप गरी व्यवस्थित गर्ने, प्रत्येक वडामा सम्झौता भइ कार्यान्वयनमा रहेका योजनाहरू र सम्झौता हुन बाँकी योजनाहरूको विवरण सङकलन गर्ने, नगर भित्रको सबै वडा भित्र रहेका बाँझो जग्गाको विवरण सङकलन गर्ने, त्रिवेणी नाका हुँदै मध्यबिन्दु प्रवेश गर्ने सम्पूर्णलाई सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी क्वारेण्टाइन कक्षमा राखी स्वास्थ्य परीक्षण गर्ने निर्णय नगरपालिकाले गरेको नगरपालिका प्रमुख चन्द्रबहादुर रानाले जानकारी दिनुभयो । यसअघि अन्य स्थानीय तहले त्यसरी अलपत्र परेका स्थानीयहरूको उद्धार गरेका थिए । पछिल्लो समय जिल्लाको विभिन्न स्थानमा भारतबाट घर फर्कनेको सङख्या बढ्दो छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्ला प्रशासन कार्यालय पर्वतले एक सुचना प्रकाशित गर्दै खाद्यन्नका पसलहरू विहान र बेलुका मात्र खोल्ने नियम जारी गरेको छ । जेठ ७ गतेदेखि लकडाउनलाई प्रभावकारी पालना गराउनका लागि विहान ७ बजे देखि १० बजेसम्म र बेलुका ४ बजे देखि ७ बजेसम्म मात्र पसल खोल्न पाइने नियम प्रशासन कार्यालयले बनाएको हो ।
सूचना बमोजिम औषधि र कृषिजन्य पसल भने सबै समय खोल्न पाउने भएका छन् । बाँकी पसलहरू बिहान र बेलुका मात्र खोल्न पाइने जिल्ला प्रशासन कार्यालय पर्वतका प्रशासकीय अधिकृत घनश्याम गौतमले जानकारी दिनुभयो ।
यस अघि बित्तीय संस्थाहरूलाई पनि बारका आधारमा मात्र खोल्न पाइने नियम प्रशासन कार्यालयले बनाइसकेको छ । कुश्माबजारमा सञ्चालित बैंकहरूमा सेवाग्राहीहरूको भिड लाग्ने गरेको छ । भिडभाडका कारण कोरोना भाइरसको सङक्रमण फैलिन सक्ने खतरा देखिएको छ । सर्वसाधारणहरूको गुनासो आएपछि बैंकहरूलाई सामाजिक दुरी कायम गरेर सेवाग्राहीहरूलाई सेवा दिन आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय पर्वतका प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार Crisis Management Center लमजुङमा जेठ ६ गते बसेको बैठकले भारत लगायतका अन्य देशहरूबाट नेपाली नागरिक स्वदेश भित्रिने क्रम बढेको हुँदा सुन्दरबजार नगरपालिका वडा नम्बर ७ स्थित लमजुङ क्याम्पसको हाताभित्र सञ्चालित ५० बेड क्षमता को क्वारेण्टाइनलाई १०० बेड क्षमताको बनाउने र बेसीशहर नगरपालिका वडा नम्बर ७ मा रहेको क्वारेण्टाइनलाई पनि क्रमश १०० बेड क्षमता को बनाउने निर्णय भएको छ । यसका साथै सरकारी एवंम बैंक तथा बित्तीय सङ्घ संस्थाहरूले सेवाग्राहीको भिडभाड हुन नदिन र प्रत्येक दिन १२ बजे भित्र सेवा प्रदान गरी सक्ने व्यवस्था मिलाउने निर्णय भएको छ । कोभिड-१९ को सङक्रमणको रोकथाम तथा , नियन्त्रणका लागि खाद्य सामग्री, फलफूल, तरकारी र निर्माण सामग्रीहरू आयात गर्दा कोरोन सङक्रमण नदेखिएका जिल्लाहरूबाट मात्र आयात गर्न अनुमति दिने भएको छ । जिल्लामा सञ्चालन भएको र निर्माण योजनाहरूमा आवश्यक हुने श्रमिकहरूलाई मात्र प्रवेश अनुमति दिने र सम्बन्धित योजनाहरूले नेपाल सरकार र प्रदेश सरकारबाट तोकिएका व्यवस्था र मापदण्ड अनिवार्य रूपमा लागु गर्ने र सो व्यवस्था लागुभएको नभएको सम्बन्धमा अनुगमन सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयबाट गर्न गराउने निर्णय भएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँको व्यास नगरपालिकाले हप्ताको चार दिन दमौली बजार खुल्ला गर्ने भएको छ । नगरपालिकाको बजार अनुगमन समितिका संयोजक एवंम नगर उपप्रमुख मिरा जोशीको अध्यक्षतामा बसेको सरोकारवालाहरू सहितको बैठकले सो निर्णय गरेको हो । नगरपालिकाले जेठ ६ गते देखि लागु हुने गरी हरेक हप्ताको सोमबार, मंगलबार, बुधबार र विहीबार गरी चार दिन, दिनको ११ बजे देखि २ बजेसम्म दमौली बजार क्षेत्र खुल्ला राख्ने र बाँकी तीन दिन पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत दिनेशराज पन्तले बताउनुभयो ।
तनहुँ जिल्लामा प्रयाप्त मात्रमा तरकारी उत्पादन भैरहेको र कोरोनाको उच्च जोखिमलाई मध्यनजर गर्दै जिल्ला बाहिरबाट आउने तरकारीमा पूर्ण रूपमा रोक लगाउने निर्णय समेत सो बैठकले गरेको छ । जिल्ला भित्रिने फलफूल सबै कोरोना सङक्रमण भएका क्षेत्रबाट आउने हुँदा सम्पूर्ण फलफूल पसलहरू पूर्ण रूपमा बन्द गर्ने निर्णय नगरपालिकाको बजार अनुगमन समितिले गरेको हो ।
यस्तै, बजारमा अत्यावश्यक वस्तुहरूको अनावश्यक मूल्य बृद्धि गरी हरेक पसलमा फरक मूल्य दर रहेको हुँदा उपभोग्य वस्तुको मूल्यमा एकरूपता कायम गर्न सम्पूर्ण पसलहरूमा हरेक दिनको प्रत्येक

सामग्रीको मूल्य सूची अनिवार्य रूपमा राख्न लगाइ नियमित अनुगमन गर्ने र नियम विपरीत पाइएमा कारवाही गरिने उपप्रमुख एवंम व्यास नगरपालिका बजार अनुगमन समिति संयोजक मिरा जोशीले जानकारी दिनुभयो । कृषि उत्पादनका लागि कृषकहरूलाई अत्यावश्यक पर्ने मल, बीउ विजन तथा किटनाशक औषधिहरू सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउन सबै सम्बद्ध पक्षले समन्वय एवमं सहयोग गर्दै मल तथा बीउ विजन विक्री गर्ने पसल पनि हप्ताको ४ दिन दिउँसो ११ देखि २ बजेसम्म खुल्ला गरिने भएको छ । सो बैठकमा नगरप्रमुख बैकुण्ठ न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत दिनेशराज पन्त, विभिन्न वडाका अध्यक्षहरू, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, कृषि ज्ञान केन्द्र, तनहुँ उद्योग वाणिज्य संघ, दमौली बजार इकाई, उपभोक्ताकर्मी तथा तरकारी व्यवसायी सङ्घका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।
यसैगरि शुक्लागण्डकी नगरपालिकाले भने हप्तामा दुई दिन मात्र खाद्यान्नका पसल सञ्चालन गर्न दिने निर्णय गरिएको नगर प्रवक्ता खिमबहादुर कुमालले बताउनुभयो । जोखिम बढी भएकाले तरकारी तथा फलफूलका पसललाई बन्द गर्ने निर्णय गरिएको कुमालले बताउनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार जेठ ६ गते म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालसहित सुरक्षा अधिकारीहरूको टोलीले बेनी बजारको स्थलगत रूपमा अनुगमन गरेको छ । पछिल्लोपटक सदरमुकाम बेनी बजारमा लकडाउनको उल्लङ्घन बढ्दै जान थालेपछि प्रमुख जिल्ला अधिकारी ढकाल स्वयं अनुगमनमा निस्किनुभएको हो । सोही क्रममा अनुगमन टोलीले बजारमा अनुमति बिना चलेका गाडी, मोटरसाइकल र स्कुटर गरी १९ ओटा सवारीसाधनको चाँबी नियन्त्रणमा लिएको थियो । नेपालमा पछिल्लो समय कोरोना भाइरसको सङक्रमण बढ्दै गएको हुनाले लकडाउनको अवस्थालाई थप कडा बनाउनका लागि आफूहरू अनुगमनमा निस्किएको प्रजिअ ढकालले बताउनुभएको छ । अनुगमनका क्रममा बेनी बजारमा लकडाउनको पालना कमजोर भेटिएको बताउँदै आवश्यक सुरक्षा सावधानी अपनाउनुपर्नेमा जोड दिइएको थियो ।
प्रजिअ ढकालले बेनीमा सञ्चालित खाद्यान्न, तरकारी, डेरी, बैंक तथा वित्तीय सङ्घसंस्थाहरूलाई लकडाउनको पूर्ण रूपमा पालना र सुरक्षा सतर्कता अपनाउन निर्देशन दिनुभएको छ । उहाँले सबै पसल तथा बैंक वित्तीय संस्थाले अनिवार्य रूपमा साबुनपानी र सेनेटाइजरको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । बेनीमा लकडाउनको पालना जम्मा २० प्रतिशत मात्रै भएको अनुगमन टोलीको ठहर छ । यसैगरी छिमेकी जिल्ला पर्वतबाट बेनी आउन व्यक्तिगत परिचय खुल्ने, नागरिकता, मतदाता परिचयपत्र वा सम्बन्धित कार्यालयको परिचय खुल्ने कागजात अनिवार्य देखाउनुपर्नेछ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**